website र सूचना पाटी

तेह्रथुम जिल्ला अदालत स्था : २०१७

विगो नं.-३/७

## तेह्रथुम जिल्ला अदालत
## लिलाम वढावढको सुचना

वादी जिल्ला तेह्रथुम लालिगुराँस नगरपालिका वडा नं. २ बसन्तपुर बस्ने वर्ष ४३ की गिता गुरुङ भन्ने गितामायाँ गुरुङ तथा प्रतिवादी जिल्ला तेह्रथुम लालिगुराँस न.पा. वडा नं. ४ बस्ने अं. वर्ष ३५ को इमान सिं लिम्बू भएको लेनदेनको विगो मुद्दामा तेह्रथुम जिल्ला अदालतको मिति २०७७/१०/२६ गतेको फैसला बमोजिम वादीले प्रतिवादीवाट भरिपाउने ठहरेको विगो रु.१४९,५००/- (एक लाख उन्पचास हजार पाँच सय रुपैयाँ) र मिति २०६९/९/६ गतेबाट विगो भरिभराउ सम्मको व्याज तथा अदालती शुल्क समेत प्रतिबादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादी इमान सिं लिम्बूका बाबु आइतरुप लिम्बूका नाममा रहेको तपशिलमा उल्लेखित सम्पतिवाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०७९/६/५ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०७९/६/५ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ ।वाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. <u>डाँक लिलाम हुने सम्पत्तिको विवरण</u>

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./ न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आइतरुप लिम्बू | मुसाङखेल-९ | ८१ | ४-२-३-० | विगो रकमले खामेजति | पञ्चकृति मूल्याङ्कन बमोजिम | प्रतिवादी इमान सिं लिम्बुको अंशभाग (सम्पूर्ण जग्गाको २ भागको १ भाग) मात्र लिलाम हुने। |
| २ | आइतरुप लिम्बू | मुसाङखेल-९ | २३० | २-११-१-० | | | |
| ३ | आइतरुप लिम्बू | मुसाङखेल-९ | ३०७ | १-१३-२-० | | | |
| ४ | आइतरुप लिम्बू | मुसाङखेल-९ | ३२२ | १-६-०-० | | | |
| ५ | आइतरुप लिम्बू | मुसाङखेल-८ | १३८ | १-५-३-२ | | | |
| ६ | आइतरुप लिम्बू | मुसाङखेल-८ | १८९ | ६-१२-२-० | | | |

<u>सूचना टाँस हुने</u>

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- लालिगुराँस नगरपालिका वडा नं. २ को कार्यालय
- साविक मुसाङखेल गा.वि.स. वडा नं. ९ को कि.न. ८१ समेतको जग्गा
- अदालतको सूचना पाटी

२०७९।५।७

तहसिलदार

ईती संम्बत २०७९ साल भाद ७ गते रोज ३ शुभम्